प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ७७ ॥ २०८१ वैशाख १२ गते बुधबार (24th Apr 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# राष्ट्रपति पौडेल र कतारका अमिरबीच भेटवार्ता



झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेल र कतारका अमिर शेख तमिम बिन हमाद अल थानीबीच राष्ट्रपति भवन निवासमा शीतल निवासमा द्विपक्षीय भेटवार्ता भएको छ । भेटमा आपसी हित र चासोबारे छलफल भएको जनाइएको छ ।

कतारका अमिर शेख तमिम विन हमाद अल थानी राष्ट्रपति भवन शीतल निवास आइपुग्दा राष्ट्रपति पौडेलले स्वागत गरेका थिए ।

भेटवार्तामा उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, उर्जा तथा जलस्रोत मन्त्री शक्ति वस्नेत, परराष्ट्र सचिव सेवा लम्साल, राष्ट्रपति कार्यालयका सचिव डिल्लीराम शर्मा, प्रमुख स्वकीय सचिवसहित राष्ट्रपतिका विज्ञ एवम् सल्लाहकार सहभागी थिए । भेटघाटमा कतारको उच्च प्रतिनिधिमण्डल समेत सहभागी थियो ।

राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा कतारका अमिर ( राजा ) शेख तमिम बिन हमाद अल थानी नेपालको दुई दिने राजकीय भ्रमणमा मङ्गलबार अपरान्ह नेपाल आइपुगेका हुन् ।

राष्ट्रपति पौडेलले इजरायलमा हमासको आक्रमणपश्चात् बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि पहल गरिदिन कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँग आग्रह गरेका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा मंगलबार उनीहरुसँग भएको द्विपक्षीय भेटवार्ताका अवसरमा राष्ट्रपति पौडेलले सो आग्रह गरेका हुन् । राष्ट्रपति पौडेलले आफूहरूका लागि विपिनको रिहाइ महत्वपूर्ण चासोको विषय रहेको बताएको र रिहाइका लागि कतारका अमिरलाई पहल गरिदिन आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

गत ७ अक्टोबर २०२३ मा हमासको आक्रमणमा परी विपिन जोशी बेपत्ता छन् । सो अवसरमा कतारका अमिरले यसबारेमा विगतमा पनि चासो लिएर पहल गरेको र यसबारेमा थप पहल गर्ने पनि बताएका थिए ।

त्यस्तै राष्ट्रपति पौडेलले जलवायु परिवर्तनबाट पृथ्वीलाई सुरक्षित राख्ने, हिमाललाई जोगाउने, पानीको स्रोत बचाउने र वातावरण सन्तुलन राख्नेजस्तो साझा चासोको मुद्दामा सहकार्यका लागि कतारलाई आग्रह गरेका छन् ।

'आजको विश्वको साझा समस्या भनेकै जलवायु परिवर्तनबाट हाम्रो पृथ्वीलाई कसरी सुरक्षित राख्ने, हाम्रो हिमाललाई कसरी जोगाउने, पानीको स्रोत कसरी बचाउने र वातावरण सन्तुलन कसरी राख्ने भन्ने नै हो, यसमा सबैको सहकार्य हुन जरुरी छ, यो मानव अस्तित्वको विषय छ, विशेष गरी विकसित मुलुकहरू यस विषयमा बढी गम्भीर हुनुपर्छ भन्ने म ठान्दछु,' राष्ट्रपतिको भनाइ उद्धृत गर्दै राष्ट्रपतिका प्रेस सल्लाहकार पोखरेलले जानकारी दिए ।

पोखरेलका अनुसार राष्ट्रपति पौडेलले मध्यपूर्वी क्षेत्रमा देखिएको द्वन्द्वको वातावरणले हामीलाई चिन्तित तुल्याएको पनि बताएका थिए । राष्ट्रपति पौडेलले यस क्षेत्रमा युद्धको अन्त्य र शान्तिको पुनःस्थापनाको कामना गर्दै कतारले शान्ति स्थापनाको लागि खेल्दै आएको भूमिकाको प्रशंसा गरेका थिए ।

त्यस्तै कतारका अमिर अल थानीले जलवायु परिवर्तनको असरले विश्व नै समस्यामा परेको र यसको न्यूनीकरणसम्बन्धी सम्झौताहरूको सबै मिलेर पालना गरे राम्रो परिणाम आउने र सबैका लागि सुखद् वातावरण तयार हुने बताए । उनले

❖ बाँकी अन्तिम पृष्ठमा

### झापा बन्यो लागूऔषधको मुख्य ट्रान्जिट पोइन्ट

# ३९ ग्राम ब्राउनसुगरसहित अर्का कारोबारी पक्राउ

झापा(प्रस)। झापामा ठूलो परिमाणमा लागूऔषधसहित कारोबारीहरु पक्राउ पर्नेक्रममा मंगलवार पनि एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा बैतडी दशरथचन्द नगरपालिका वडा नम्बर ८ त्रिपुरा सुन्दरी बस्ने २५ वर्षीय रोशन थापा रहेका छन् ।

मंगलवार बिहान १० बजेको बिर्तामोड नगरपालिका वडा नम्बर ३ स्थित बिराट आदर्श टोलमा हिडडुल गरिरहेका बैतडी दशरथचन्द नगरपालिका वडा नम्बर ८ त्रिपुरा सुन्दरी बस्ने २५ वर्षीय रोशन थापालाई इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी नायब उपरीक्षक प्रकाश बिष्ट नेतृत्वको टोलीले शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ३९ ग्राम १० मिलिग्राम



ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसअघि सोमवार साँझ ६ बजेको समयमा मेचीनगर ६ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री धादिङ खन्याबास गाउँपालिका ५ बस्ने २० वर्षीय विनोद तामाङलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ४३.१५ ग्राम ब्राउनसुगर फेला परेको थियो । त्यस्तै आइतवार अर्जुनधारा ५ पानीकलस्थित बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार गर्दैगर्दा ठूलो मात्रामा ब्राउनसुगरसहित एकजना पक्राउ परेका थिए । पक्राउ पर्नेमा कनकाई नगरपालिका वडा नं. ८ बागेडाँगी बस्ने ३१ वर्षीय रविन चौधरी रहेका छन् । उनको साथबाट ४० ग्राम ८२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

# सशस्त्रको डग स्निफिङबाट ११ जना समातिए

झापा(प्रस)। लागूऔषधको भयावह अवस्था रहेको सीमावर्ती झापामा सशस्त्र प्रहरीले रोकथाम तथा न्यूनीकरणका लागि डग स्निफिङसहितको अभियान सुरु गरेको छ । सशस्त्र प्रहरीले लागूऔषधको न्यूनीकरणका लागि तालिमप्राप्त कुकुर परिचालन गरेको हो । सशस्त्र प्रहरी बल नेपालले लागूऔषधको न्यूनीकरणका लागि ल्यावरोडर जोजो नामको कुकुर र विस्फोटक पदार्थको लागि जुलिएट नामको कुकुर स्थायी रुपमा पठाएको सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका एसपी कवीन्द्र राईले जानकारी दिए । गत असोज २६ गते झापा ल्याइएका जोजो र जुलिएट कुकुरका लागि चार जना तालिमप्राप्त



सशस्त्र प्रहरी खटाइएको छ ।

दुवै कुकुरलाई सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित गुल्म काँकडभिट्टामा राखिएको छ । लागूऔषध र विस्फोट पदार्थ नियन्त्रणका लागि दैनिक रुपमा काँकडभिट्टा नाकामा डग स्निफिङ गरिरहेको एसपी राईले बताए ।

सशस्त्रले विशेष गरी लागूऔषध नियन्त्रण तथा रोकथामका लागि काँकडभिट्टासंगै भद्रपुरसहितका अन्य नाकाहरूमा पनि छड्के डग स्निफिङ गरिरहेको उनको भनाई छ ।

सशस्त्रको जोजो नामको कुकुरले सोमबार साँझ ६ बजे मेचीनगर-६ स्थित मेची पुलमा धादिङ खन्याबास गाउँपालिका-५ निवासी २० वर्षीय विनोद तामाङलाई ४३.१५ ग्राम

❖ बाँकी अन्तिम पृष्ठमा

# समाजका सत्य घटनालाई शब्दमा उतार्दै डिएसपी लामा

• लक्ष्मी उप्रेती

प्रहरी नायव उपरीक्षक (डिएसपी) मिमबहादुर लामा अहिले इलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रमुखको जिम्मेवारीमा छन् । उनले यस कार्यालयको कमाण्ड सम्हालेको धेरै दिन पनि भएको छैन । चिन्नेले उनलाई नेपाल प्रहरीको डिएसपी भनेर मात्र चिन्ने गरेका छन् । अनि थोरैलाई मात्र थाहा छ कि उनी एक बहुमुखी प्रतिभाका धनी हुन् भनेर ।



२०६० सालमा नेपाल प्रहरीमा प्रहरी सहायक निरीक्षकबाट सेवा प्रवेश गरेका उनी एक सफल गीतकार, कथाकार र एकैशब्दमा भन्नुपर्दा एक मुर्धन्य साहित्यकारका रुपमा स्थापित छन् । २०६३ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षक र २०७५ मा प्रहरी नायव उपरीक्षक (डिएसपी) पदमा उनी बढुवा भए । साहित्यमा कथा विधा ज्यादै मन पराउने स्रष्टा लामा समाजमा हुने सामाजिक घटनालाई उनेर गीत बनाउन खप्पिस छन् । उनलाई धेरैले भन्ने गरेका छन् कथाकारको रुपमा तपाईको भविष्य राम्रो र उज्जवल छ भनेर ।

'नाता तोड्यौ,
साथ छोड्यौं
जिन्दगीको
गोरेटोमा बाटो
तिमीले अन्तै
मोड्यौ'
छियाछिया भयो
मुटु प्रहार हुँदा
शब्द बाँण
चोखो माया
लाउँछु भन्थ्यौ,
किन गर्यौ अपमान....'

अहिले चल्तीका संगीतकार सुरेश अधिकारीले संगीत भरेको तथा युवामाझ लोकप्रिय गायक प्रमोद खरेलको स्वरमा रहेको यो गीत उनै डिएसपी लामाले लेखेका हुन् । जुन गीतले कयौं सपना देखेर आफ्ना स–साना सन्तान जीवनसंगिनीको संसार सजाउन एउटा पुरुष विदेशिन्छ, तर यता श्रीमती आफ्ना सन्तानलाई छाडेर वेपत्ता हुन्छे र श्रीमान न्यायका लागि प्रशासनमा पुग्छ र आफ्नो पीडा पोख्छ । ती पुरुषको पीडालाई लामाले मन छुनेगरी गीत कोरे र संगीतकार अधिकारीले संगीत भरे अनि गायक खरेलले गीत गाए ।

वैदेशिक रोजगारीमा जाने युवाहरुको मनलाई नै चिसो बनाउने प्रतिनिधिमुलक गीत हो यो । यो निकै लोकप्रिय र चर्चित छ । विदेशिएकाहरु माझ अहिले धेरैले सुन्न थालेका छन् भने विगतमा यस्ता घटना घटिसकेका पीडितहरुले आफ्नो

❖ बाँकी अन्तिम पृष्ठमा

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरु : ( बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि )

| क्र.स. | संचालनमा रहेका तालिमहरु | अवधि |
|---|---|---|
| १. | केयर गिभर (Care Giver) | ३९० घण्टा |
| २. | सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist) | ४२० घण्टा |
| ३. | परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker) | ३९० घण्टा |
| ४. | शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant) | ४९० घण्टा |



अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# नाम विवादले बन्न सकेन सुनकोशीमा पुल

झापा(प्रस)। दुई जिल्लाको विवादका कारण खोटाङ र उदयपुर जोड्ने सुनकोशी नदीमा पक्की पुल बन्न सकेको छैन । योजनाको नामको विषयमा विवाद हुँदा खोटाङको हलेसी तुवाचुङ नगरपालिका-२, डिकुवा र उदयपुरको कटारी नगरपालिका जोड्ने पक्की पुलको निर्माण वर्षौंसम्म अगाडि बढ्न नसकेको हो ।



खोटाङको डिकुवा नर्सरी र उदयपुरको कटारी नगरपालिका-१०, ढाँडे (सोरुङछबिसे) जोड्ने पुल बनाउन डिकुवाका स्थानीय २०७४ सालमा अग्रसर भएका थिए तर योजनाको नामलाई लिएर विवाद निम्तिएपछि हालसम्म पुल बन्न सकेको छैन । सुरुमा नाम टिपाउँदा डिकुवा नर्सरी-निबुवाटार मोटरेबल पुल उल्लेख गरिएको थियो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत स्थानीय सडक पुल कार्यक्रम (एलआरबिपी) अन्तर्गत उक्त पुल निर्माणको प्रक्रिया थालिएको थियो ।

निबुवाटार उदयपुरको ताप्ली गाउँपालिका-५, रूपटारमा पर्छ । पुलको उदयपुरतर्फको जग रहने स्थानको नाम फरक पर्दा विवाद निम्तिएपछि डिकुवावासीको पक्की पुल बनाउने सपना हालसम्म पूरा हुन सकेको छैन । सोरुङ खोलाले छुट्याएको ढाँडे र निबुवाटारबिचको दुरी करिब सय मिटर मात्र छ तर ताप्ली गाउँपालिकाका केही अगुवाले निबुवाटारमै पुलको जग बन्नुपर्ने अडान लिएपछि विवाद निस्किएको डिकुवाका स्थानीय हर्कबहादुर राईले बताए ।

डिकुवाको नर्सरी र सोरुङछबिसेको ढाँडे जोड्ने पुल बनाउनका लागि आर्थिक वर्ष २०७६/७७ मा माटो परीक्षणसहित विस्तृत सर्वेक्षण सुरु गरिएको थियो तर ताप्ली गाउँपालिकाका केहीले ‘ डिकुवाको नर्सरीबाट निबुवाटार जोड्ने पुल बनाउनुपर्ने’ भन्दै माटो जाँच गर्ने उपकरण खोसेर अवरोध गरेको डिकुवाका शिवकुमार अधिकारीले बताए ।

यसबिचमा डिकुवा र ताप्ली गाउँपालिकाको सिमानामा पर्ने राईघाटमा अर्को पुल बन्ने प्रक्रिया पनि अगाडि बढिसकेको छ । ताप्ली गाउँपालिकावासीसँग डिकुवा नर्सरी र ढाँडे जोड्ने तथा राईघाट पुल बनाउन आपसमा सहकार्य गर्ने भद्र सहमति जुटिसकेको राईले बताए । ताप्ली गाउँपालिकाले पनि नर्सरी-ढाँडे पुल बनाउन ‘कुनै असहमति नरहेको’ उल्लेख गर्दै २०७७ फागुन २५ गते प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र यातायात पूर्वाधार निर्देशनालय, इटहरीलाई पुल निर्माण प्रक्रिया अगाडि बढाउन सिफारिस पठाइसकेको छ ।

गत वर्ष नर्सरी-ढाँडे पुलका लागि स्रोत सुनिश्चितता नहुँदै टेन्डर खुलाइएको भए पनि काम अघि बढ्न सकेको छैन । पुल बनाउने बजेटका लागि पहल गरिदिन प्रतिनिधि सभा सदस्य रामकुमार राई ‘ पासाङ’, प्रदेश सांसद पाँचकर्ण राई, प्रदेश सांसद भूपेन्द्र राईलगायतलाई आग्रह गरिसकिएको स्थानीयले बताएका छन् । कतिपय जनप्रतिनिधिले पुल निर्माणस्थल निरीक्षण गरिसकेका छन् ।

नर्सरीबाट ढाँडे जोड्ने पुल बनेपछि डिकुवाबाट कटारी पुग्ने छोटो दुरीको बाटो खुल्ने छ । सो बाटो जयराम-घुर्मी-कटारीभन्दा ३३ किलोमिटर छोटो हुने स्थानीय नयन जेरो राईले बताए । केही समयअघि पुल बन्ने ठाउँको निरीक्षण गरेको प्रदेश सांसद भूपेन्द्र राईले बजेट सुनिश्चित गर्न लगाएर पुल बनाउन पहल गर्ने बताएका छन् ।

# सुनको सिक्री थुतेर भाग्दै गर्दा एकजना पक्राउ




झापा(प्रस)। सोमवार साँझ मेचीनगरमा घाँटीमा लगाएको सुनको सिक्री थुतेर भाग्दै गर्दा एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मेचीनगर नगरपालिका वडा नम्बर १३ तेलिबारी बस्ने ३९ वर्षीय दिवस राजवंशी रहेका छन् ।

हिजो साँझ ७:२५ बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्बर १३ श्रीनाथ पेट्रोल पम्पनजिक पूर्व पश्चिम राजमार्गमा पैदल हिडिरहेकी मेचीनगर नगरपालिका वडा नम्बर १२ सहरेडाँगी बस्ने २१ वर्षीया रचना आङदम्बेको घाँटीमा लगाएको एक तोलाको सुनको सिक्री थुतेर भाग्दै गर्दा राजवंशीलाई फुलवासा खोलाबाट पक्राउ गरिएको हो ।

अपरिचित व्यक्ति साइकलमा आई अचानक घाँटीबाट सुनको सिक्री थुती फरार भएको भन्ने खवर प्रहरी चौकी चारआलीमा जानकारी गराउनासाथ तत्काल जिल्ला प्रहरी कार्यालय , इलाका प्रहरी कार्यालय धुलाबारी र प्रहरी चौकी चारआलीबाट खटिएको संयुक्त प्रहरी टोलीले सिक्री थुत्ने व्यक्तिलाई खोजतलास गर्ने क्रममा राजवंशीलाई भाग्दै गरेको अवस्थामा फेला पारी उक्त सुनको सिक्री र साइकलसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धुलाबारीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

# सुरुङ्गामा हनुमान जयन्ती

• **चन्द्र बस्नेत**

कनकाई । झापाको कनकाई- ३ सुरुङ्गामा विशेष पूजा अर्चनासहित हनुमान जयन्ती मनाइएको छ । कनकाई नगर क्षेत्रको विभिन्न सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका पाथीभरा मारवाडी समाज तथा अग्रवाल समाज नगर समितिको आयोजनामा जयन्ती मनाइएको हो । कनकाई उद्योग वाणिज्य संघको उत्तरमा रहेको हनुमान मन्दिरमा पाठ- पारायण गर्दै बिहान १० बजेबाट हनुमानजीको तस्बिर ,ब्यानर , झन्डासहित सयौंको संख्यामा रहेका सहभागीहरुले निशान यात्रा, विशेष झाँकी, श्रीराम भजन, गीत संगीतसहित सुरुङ्गा बजार परिक्रमा गर्दै पुनः मन्दिरमा नै फर्की महाप्रसाद (भण्डारा) पूजा पाठ पारायण प्रसाद तथा हनुमान चालीसा पुस्तक वितरण गरिएको थियो ।



मन्दिर परिसरमा आयोजक संस्था पाथीभरा मारवाडी समाजका अध्यक्ष ईश्वरचन्द्र गोयलको अध्यक्षतामा भएको संक्षिप्त कार्यक्रममा कनकाई वडा नं ३ का अध्यक्ष युवराज चौलागाईं , वडा सदस्य गोविन्द सुवेदी , अनिलकुमार गोयल, ईलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रमुख प्रवीण भट्टराई , ट्राफिक प्रहरी कार्यालय सुरुङ्गा प्रमुख टंकप्रसाद दाहाललगायतको उपस्थिति रहेको थियो ।

दिनभरि मन्दिर परिसरमा अखण्ड रामायण पाठ, अष्टजाम संकीर्तन एवं निशान पुजनसहित संचालन भएको हनुमान जयन्तीमा गुरु पुरोहितहरुको विशेष टोलीले विशेष झाँकी, श्रीराम भजनलगायत कथा प्रवचन गरेको थियो ।कार्यक्रमको अवसरमा सहभागीहरुलाई १ सय ५० बढी हनुमान चालीसा पुस्तक वितरण गरिएको आयोजक संस्थाका सदस्य सचिन वंशलले जानकारी दिए।

सन्ध्याकालीन समयमा विशेष कार्यक्रम रामायण पाठ, अष्टजाम संकीर्तन संचालन भएको थियो ।

कार्यक्रममा विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि , जनप्रतिनिधि , सुरक्षाकर्मीलगायत करिव २ सयबढी भक्तजनको सहभागिता रहेको थियो । प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने रामभक्तले हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि र विद्या मिल्ने तथा दुःख र सङ्कटबाट मुक्ति पाइने जनविश्वास रहेको छ । यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइएको छ । कार्यक्रमकै अवसरमा मुस्लिम समाज सुरुङ्गाका युवाहरूबाट निःशुल्क पानी वितरण गरिएको थियो ।

# शुक्लाफाँटामा १० वर्षमा तीन गुणा बढे बाघ



झापा(प्रस) । महेन्द्रनगरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या बढेको छ। दश वर्षअघि १३ वटा बाघ रहेकामा अहिले बढेर ४४ पुगेको छ।

निकुञ्जका अनुसार सन् २०१८ मा १६, २०२१ मा १९ वटा बाघ थिएभने २०२२ मा त्यो बढेर ३६ पुगेको थियो। निकुञ्जमा क्यामेरा ट्र्यापिङ विधिबाट गरिएको गणनाअनुसार २४ वटा भाले र १७ वटा पोथी तथा विश्लेषणका आधारमा थप तीन गरेर बाघको संख्या ४४ पुगेको हो। गत मङ्सिरदेखि ९१ वटा क्यामेरा ट्र्यापिङबाट गरिएको अनुगमनमा बाघको संख्या बढेर ४४ पुगेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले जानकारी दिए।


‘यहाँ बाघका लागि खाना र बासस्थानको राम्रो वातावरण भएकाले थोरै क्षेत्रफलमा पनि धेरै बाघ छन्,’ प्रमुख संरक्षण अधिकृत भट्टराईले भने, ‘यहाँ चोरीसिकारी पनि छैन त्यसकारण बाघको संख्या बढ्दै गएको छ।’ शुक्लाफाँटाभित्र रहेका ठूलो घाँसेमैदान, चौधर नदी, रानीताल र सिकारी तालजस्ता तालतलैया र प्रशस्त आहाराका लागि प्रजाति बढेसँगै बाघको संख्या पनि बढेको उनले बताए।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटनको प्रमुख केन्द्र बन्नसक्ने भए पनि पर्याप्त प्रचार-प्रसार नहुँदा यसबाट लाभ लिन नसकिएको यहाँका पर्यटन व्यवसायी जगदीश भट्ट बताउँछन्।


## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल


# पूर्वी सीमानाका बैशाख १५ गतेसम्म बन्द




झापा(प्रस) । भारतमा जारी १८ औँ लोकसभा निर्वाचनका कारण नेपाल भारतबीचको पूर्वी सीमानाका मंगलवार साँझदेखि बैशाख १५ गतेसम्म बन्द गरिएको छ । बैशाख १४ गते भारतमा १८ औँ लोकसभा निर्वाचन हुने भएकाले निर्वाचन अवधिभर नेपाल भारत सीमानाका सिल गरिएको भन्ने पत्र भारतको दार्जिलिङ जिल्लाबाट प्राप्त भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । मेचीनगर नगरपालिका ६ काँकरभिट्टास्थित नेपाल भारत सीमानाका मंगलवार साँझ ६ बजेदेखि बैशाख १५ गतेसम्मको लागि बन्द गरिएको डीएसपी कृष्णकुमार चन्दले बताए । नेपालको पूर्वी सीमा जोडिएको पश्चिम बङ्गालको दार्जिलिङ र विहारको किशनगञ्ज जिल्लामा दोस्रो चरणमा एकैदिन मतदान हुँदैछ। जसका कारण इलामको पशुपतिनगर, झापाको काँकडभिट्टा, भद्रपुरलगायतका नाका बन्द भएको हो । झापाले भारतको दुई वटै राज्यलाई छोएको छ ।

**सशस्त्रको...**

ब्राउनसुगरसहित पक्राउ गर्न सहयोग गरेको थियो ।

भारतको पानीट्यांकी नाकाबाट नेपालतर्फ आउँदै गरेका तामाङले कन्डमभित्र ब्राउनसुगर हाली शरीरभित्र लुकाएर ल्याउन खोजेका थिए । जोजो नामको कुकुरले उनको शरीर सुँघेर ब्राउनसुगर निकालेको सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका प्रवक्ता डीएसपी दिनेश कुटवालले जानकारी दिए । पक्राउ परेका उनलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय काँकडभिट्टा बुझाइसकेको उनले बताए । त्यस्तै सशस्त्रले कुकुरको सहयोगमा गत पुस ६ गते जुत्ताभित्र ब्राउनसुगर ल्याउने लमजुङ सुन्दरनगर नगरपालिका- ९ निवासी २९ वर्षीय दीपक गैरेलाई पक्राउ गरेको थियो ।

गैरेलाई मेचीनगर-६ मेची पुलस्थित सीमा नाकाबाट १९.६३० ग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको थियो । जुत्ताभित्र लुकाएर ल्याएको ब्राउनसुगर कुकुरले सुँघेर पत्ता लगाएको थियो । हालसम्म तालिमप्राप्त कुकुरले १०५.०५ ग्राम ब्राउनसुगरसहित ११ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइसकेको सशस्त्रका एसपी राईले बताए । ‘सशस्त्रले सीमा सुरक्षासँगै अहिले लागूऔषध भित्र्याउनेमाथि विशेष निगरानी बढाएको छ,’ उनले भने, ‘लागूऔषधको अवस्था जिल्लामा भयावह छ, सशस्त्रले काँकडभिट्टा, भद्रपुरसहित अन्य नाकाहरूबाट पनि लागूऔषध बरामद गरिरहेको छ ।’ लागूऔषध नियन्त्रणका लागि नेपाल प्रहर ीसहित भारतीय एसएसबीसँग पनि सहकार्य गरिरहेको उनको भनाई छ ।

**राष्ट्रपति...**

नेपालसँग अझ राम्रो सम्बन्ध स्थापित गरेर सहयोगका थप क्षेत्रहरू पहिचानका लागि यो भ्रमण उपलब्धीमूलक हुने विश्वास व्यक्त गरेका थिए । अमिर अल थानीले कतारको विकासमा नेपालीहरूको ठूलो योगदान रहेकोमा त्यसको प्रशंसा गर्दै आभार प्रकट गरेका थिए ।

उनले दुई देशबीच बुधबार हुने समझदारी तथा सम्झौता नेपालमा रहेका जलस्रोत, कृषि, पर्यटनजस्ता क्षेत्रहरूमा लगानीको नयाँ सम्भावना बढाउन सकिने विश्वास व्यक्त गरेका थिए । त्यस्तै नेपाल र कतारबीच सदैव सुमधुर सम्बन्ध रहिआएको बताउँदै राष्ट्रपति पौडेलले हाम्रा सम्बन्ध मित्रता, आपसी सम्मान, विश्वास र सद्भावमा आधारित रहेको स्पष्ट गरेका थिए । दुई मुलुकबीच नियमितरूपमा उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान हुने परम्परा रहिआएको र यसबाट द्विपक्षीय सम्बन्धको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस ऐतिहासिक भ्रमणले नेपाल र कतारको सम्बन्धलाई नयाँ उचाइमा पुर्याएको बताएका थिए ।

राष्ट्रपति पौडेलले राजनीतिक रूपान्तरणका मुद्दाहरू टुङ्गोमा पुगेसँगै नेपाल अब आर्थिक विकास र समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्दै विकास र समृद्धि हासिल गर्ने नेपालको प्रयासहरूमा कतारको सहयोग निरन्तर रहने विश्वास पनि व्यक्त गरेका थिए । दुई मुलुकबीच व्यापार, पर्यटन र लगानीका क्षेत्रमा सहकार्यको राम्रो सम्भावना रहेको सन्दर्भमा यी क्षेत्रहरुमा हाम्रो सहयोग एवं सहकार्य भविष्यमा थप घनिभूत हुने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गरेका थिए । कतार नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारीको एक प्रमुख एवं आकर्षक गन्तव्य मुलुक रहँदै आएको र आधुनिक कतारको विकासमा नेपाली कामदारहरूले पनि उल्लेखनीय योगदान गरेको स्मरण गराएका थिए । राष्ट्रपति पौडेलले अमिरको द

ूरदर्शी नेतृत्वमा कतारले गरेको दिगो विकास र समृद्धि देखेर धेरै खुसी लागेको बताउँदै मुलुकलाई एक उच्च विकसित राष्ट्र बनाउने अमिरको दीर्घकालीन सोच र दृढ अठोटको प्रशंसा गरेका थिए । भेटवार्तापछि अमिर अल थानीले राष्ट्रपति कार्यालयमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका थिए ।कतारका अमिर थानी मंगलवार साँझ राष्ट्रपति पौडेलले सोल्टी होटेलमा आयोजना गरेको रात्रीभोजमा सरिक भएका थिए ।


## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् । सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौं । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

डिभिजन वन कार्यालय, झापा सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कतारका राजाको भ्रमण

**नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्यमध्येको मुलुक कतारका राष्ट्राध्यक्ष अमिर शेख तमिम बिन हमाद अल थानी नेपाल भ्रमणमा आएका छन् । उनलाई स्वागत गर्न राष्ट्रपति रामचन्द्र पौडेल आफैँ विमानस्थलमा गएका थिए । उनको भ्रमणका अवसरमा नेपाल सरकारले मंगलवार देशभर सार्वजनिक बिदासमेत दिएको थियो ।**

**संयोग, गणतन्त्र स्थापना गर्ने निर्णायक आन्दोलन सफल भएको बैशाख ११ गते नै कतारमा अमिरलाई नेपालमा भव्य स्वागत गरिएको छ । विसं २०६३ सालमा बैशाख ११ गतेकै दिन तत्कालीन राजाले आन्दोलनकारीहरूका सबै माग स्वीकार गरेका थिए । त्यही शान्तिपूर्ण आन्दोलनको उपलब्धिमध्ये गणतन्त्र पनि एउटा हो ।**

**संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा कतारका अमिरको स्वागत र सम्मानमा कुनै कमी हुन नदिने तयारीमा देखिएको छ । नेपालीको प्रमुख रोजगार गन्तव्य मुलुक भएकाले कतारका शासक अमिरको भव्य स्वागत गरिनु सायद अनपेक्षित पनि होइन । यद्यपि, अमिरको स्वागत गर्न राष्ट्रपति स्वयं विमानस्थलमा जाने र भ्रमणका अवसरमा सार्वजनिक बिदा दिने निर्णयको भने आलोचना भएको छ । जनसंख्या र क्षेत्रफलका आधारमा कतार नेपालभन्दा करिब १० गुना सानो छ । तर, कतारको प्रतिव्यक्ति आय भने नेपालका तुलनामा ४२ गुना बढी छ । मूलत: खनिज तेलको आयबाट समृद्ध भएको कतारले मध्यपूर्वको राजनीतिमा विशेष रणनीतिक भूमिका खेल्दैआएको छ । आर्थिक हैसियतसँगै कूटनीतिक सक्रियताका कारण कतारका अमिर थानीको भूमिका महत्वपूर्ण हुन पुगेको हो ।**

**नेपाल सरकारले दिएको सम्मानको कारण पनि कतारका अमिरको यही महत्वपूर्ण कूटनीतिक प्रभाव हुनुपर्छ । धनी मुलुक कतार नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य त हुँदै हो नेपालका लागि कतारको आर्थिक सहयोग र लगानी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यसैले रोजगार र सहायताका प्रस्तावित सम्झौताहरूका साथै कतारको प्रत्यक्ष वैदेशिक लगानीको विषय पनि नेपालले प्राथमिकतापूर्वक प्रस्तुत गर्नुपर्छ ।**

**दुई देशबीच हुने वार्तामा आर्थिक, सांस्कृतिक, सामाजिक सम्बन्धको विषयहरू त समेटिने नै छन् । कतारी र नेपाली अधिकारीहरूले यसको पर्याप्त गृहकार्य गरेकै होलान् । तर, कतारका अमिरको ध्यान नेपालले अहिले विपिन जोशीको रिहाइ र कतारको रङ्गशाला निर्माणका क्रममा नेपाली श्रमिकहरूको ज्यान गएको घटनाप्रति पनि आकर्षित गर्नुपर्छ ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उद्यमशीलताको विकास



• डा. शैलेन्द्र गिरी

जनताको गरीखाने माध्यम भनेको उद्यमशीलता हो । यसलाई देशको मेरुदण्ड मानिन्छ । देशमा उद्यमशील विकास भएमा जनता धनी हुन्छन् र देश बलियो हुन्छ । नेपालमा उद्यमशीलता विकासको प्रचुर सम्भावना रहेको विभिन्न अध्ययनले देखाएका छन् । देशमा रोजगारीको सीमित अवसर भएका कारण वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या लाखौँ पुगेको छ । उनीहरूलाई देशकै आर्थिक गतिविधिमा संलग्न गराउन नसक्दा एकातिर गाउँ, बस्ती र सहर युवाविहीन हुन पुग्दै छ भने अर्कोतर्फ उनीहरूको ऊर्जावान् समय परदेशमा सकिँदै छ ।

युवालाई स्वदेशमै राख्न युवालक्षित उद्यमशीलता नीति तथा कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक छ । देशमा बढ्दो बेरोजगारीका कारण युवामा उद्यमशीलता विकासमा रुचि र स्वरोजगारीको चाहना बढेको देखिएको छ । उद्यमशीलता विकासले आर्थिक वृद्धि, सामाजिक आर्थिक मुद्दा सम्बोधन गर्न र दिगो विकासलाई प्रवर्धन गर्न मद्दत गरिरहेको छ । नेपालमा विशेष गरी पर्यटन, कृषि, जैविक खेती, नवीकरणीय ऊर्जा, सूचना प्रविधि र सफ्टवेयरको विकास, ई-कमर्स र अनलाइन सेवा, माइक्रो हाइड्रो, सौर्य ऊर्जा उत्पादन तथा सेवा र स्थानीय शिल्प कौशल सङ्कलन जस्ता क्षेत्रमा उद्यमशीलता विकासका अवसर छन् ।

वित्तीय स्रोत, कर्मचारीतन्त्रको अवरोध, उत्पादित वस्तुको बजार अभाव, प्रविधि सहयोगको अभाव, नीति तथा उद्यमशीलता शिक्षा र पेसागत सिपमा धेरै चुनौती छन् । उद्यमीहरूले सामाजिक आर्थिक विकासका साथै रोजगारी सिर्जना, गरिबी निवारण र सीमान्तकृत समुदायको सशक्तीकरणमा योगदान पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उद्यमशील संस्कृति र सामाजिक सांस्कृतिक मापदण्डको अभावले उद्यमीहरूको प्रगतिमा बाधा पुर्‍याइरहेको छ ।

नीतिनिर्माता र सरोकारवालाले यी चुनौती सम्बोधन गर्न नीतिगत सुधार, क्षमता विकास, वित्तमा पहुँच र पूर्वाधार विकास, बजार विश्लेषण, उत्पादित वस्तु वा सेवाको बजारीकरण, बजारमुखी शिक्षा र व्यावसायिक तालिम, उत्पादित वस्तुका लागि बजार पहुँचको ग्यारेन्टी गर्दै व्यापक रणनीतिलाई प्राथमिकता दिनु पर्छ । सीमित रोजगारीका अवसरसँगै उद्यमीमा महत्वपूर्ण ज्ञान र सिपबिचमा खाडल छ । राष्ट्रनिर्माणमा युवालाई सक्रिय बनाउन उपयुक्त नीति र नियमावली बन्न सकेको छैन । बनेका नीति अपूर्ण हुनुका साथै त्यसको कार्यान्वयन पक्ष निकै फितलो छ । नेपालमा अहिले उत्पादित वस्तुको बजारीकरणको ग्यारेन्टी गरिएको उद्यमीमैत्री नीतिको आवश्यकता छ ।

उद्यमशीलता विकासको अवस्था

उद्यमशीलता विकास भनेको मानिसलाई उनीहरूको आफ्नै व्यवसाय सुरु गर्न आवश्यक पर्ने सिप सिक्न र सुधार गर्न मद्दत गर्ने प्रक्रिया हो । यसमा व्यावसायिक तालिम, क्षमता विकास र इच्छुक उद्यमीलाई विभिन्न प्रकारका स्रोतसाधन उपलब्ध गराउने विषय समावेश हुन्छ । यसको उद्देश्य सफल उद्यमीको सङ्ख्या वृद्धि गर्नु र उनीहरूको व्यवसाय प्रवर्धनमा सहयोग गर्नु हो । यसले आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न मद्दत गर्छ । नेपालमा गरिबी निवारण र आर्थिक विकासका लागि उद्यमशीलता राज्यको प्रमुख नीति नै बन्नु पर्छ । उद्यमशीलता विकासको सम्भाव्यताले आर्थिक वृद्धि, सामाजिक प्रगति र दिगो विकासलाई प्रवर्धन गर्न सहयोग गरेको छ । यो आर्थिक वृद्धिको आधारभूत खम्बा नै हो । यसले रोजगारी सिर्जना, बजार व्यवस्थापन र उद्योगमा नवप्रवर्तन प्रोत्साहन गर्नुका साथै विभिन्न अवसर सिर्जना गरी प्रतिस्पर्धात्मक रूपमा राष्ट्रको समग्र आर्थिक विकासमा टेवा पुर्‍याउँछ ।

नेपालको कुल जनसङ्ख्याको २१.६८ प्रतिशत १५ देखि २४ वर्ष उमेर समूहका रहेको कुरा राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनमा उल्लेख छ । २४ देखि ५४ वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको लगभग ३५.९९ प्रतिशत हो । उल्लिखित जनसङ्ख्याको संरचनाले गर्दा नेपालले आर्थिक समृद्धि हासिल गर्न सक्ने सम्भावना छ । १५ देखि ३४ वर्ष उमेर समूहका करिब ६९.१ प्रतिशत आर्थिक रूपमा सक्रिय व्यक्ति अझै पनि रोजगारीका अवसर खोजिरहेका छन् । नेपाल श्रम शक्ति सर्वेक्षण, २०१७ का अनुसार सीमित रोजगारी अवसरका कारण रोजगारीको अवसर प्राप्त गर्ने कुल युवा श्रमशक्तिको ६० प्रतिशत अनौपचारिक क्षेत्रमा संलग्न छन् । त्यसै गरी ४० प्रतिशत मात्र औपचारिक रूपमा उद्यमशील क्षेत्रमा संलग्न छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन, २०२१ ले नेपालको युवा बेरोजगारी दर ९.५ प्रतिशत हुने प्रक्षेपण गरेको थियो । युरोपेली मुलुकमा देखिएको राजनीतिक अस्थिरता, रुस र युक्रेनबिचको युद्ध र इजरायल, प्यालेस्टाइनका साथै इरानबिचको युद्धले नेपालको अर्थतन्त्रमा सिर्जना भएका चुनौती, नेतृत्वमा दूरदृष्टिको अभाव, बजार एकातिर शिक्षा अर्कोतिर हुनुको कारण नेपाली श्रम बजार अपेक्षा अनुरूप अझै पनि विकास र विस्तार हुन सकेको छैन । यी पक्षलाई नेपालमा युवा बेरोजगारी बढ्नुको सहायक कारण मान्न सकिन्छ । नेपालको श्रम बजारमा बर्सेनि चार लाख श्रमशक्ति थपिने अनुमान गरिएको छ । यति ठुलो सङ्ख्यामा रहेको बेरोजगार युवाको दबाब वर्तमान सङ्कुचित श्रम बजार धान्न सक्ने अवस्था छैन ।

देशको जनसाङ्ख्यिकीय संरचना र आर्थिक अवस्थ हेर्दा विभिन्न क्षेत्रलाई समेट्ने गरी उद्यमशीलताको नयाँ सम्भावनाको खोजी हुन आवश्यक छ । समाजमा सकारात्मक सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणलाई गति दिन स्टार्टअपहरू परम्परागत रोजगारीको उत्तम विकल्प हुन सक्छ । युवा उद्यमशीलता विकासका लागि अवलम्बन गरिने नीतिले प्रभावकारी उद्यमशील इकोसिस्टमको विकास र सहयोगसँगै उद्यमशीलताका लागि युवाको क्षमता अभिवृद्धि गरी दीर्घकालीन आर्थिक लक्ष्य प्राप्तिको आधार तयार गर्न अनुकूल वातावरण सिर्जना गर्ने छ ।

विद्यमान नीतिहरूको विश्लेषण

सरकारले नेपाली समाजको आर्थिक अवस्था सुधार गर्न युवा उद्यमशीलतालाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्छ । यद्यपि नेपालमा उद्यमशीलता इकोसिस्टमको अवधारणा त्यति व्यापक बन्न सकेको छैन । केही वर्षयता युवामा उद्यमशीलताको मानसिकता विकास र प्रवर्धन गर्न केही प्रयास नभएका होइनन् । पन्ध्रौँ आवधिक योजना २०७६/७७-२०८०/८१ ले युवा उद्यमशीलता विकास, निजी क्षेत्रसँगको साझेदारीमा व्यवसाय विकास केन्द्रहरूको स्थापना, वित्तीय कोषको प्रभावकारी प्रयोग र युवालाई आर्थिक सहयोग उपलब्ध गराउने जस्ता कुरामा जोड दिएको छ । यसले नवप्रवर्तन, बौद्धिक सम्पत्ति अधिकारको संरक्षणसहित विभिन्न कार्य नीति पनि तय गरेको छ ।

सरकारले सरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा उद्यमशीलता विकास केन्द्र स्थापना गर्ने लक्ष्य लिए पनि त्यो कार्यान्वयनमा आउन सकेको छैन । नेपाल सरकारले स्वरोजगार र उद्यमशीलता प्रवर्धन गरी उत्पादन र रोजगारी वृद्धि गर्ने रणनीति अपनाएको छ भने युवाको सर्वाङ्गीण विकासको मुख्य आधार रोजगारी, उद्यमशीलता र सिप विकासलाई स्वीकार पनि गरेको छ । राष्ट्रिय युवा नीति, २०७२ ले युवा उद्यमशीलता प्रवर्धन र व्यवसाय विकास केन्द्र सञ्चालन गरी युवाका समस्या समाधान गर्ने रणनीति अपनाएको छ । उक्त नीतिले कमजोर वर्ग र समुदायका लागि करमा सहुलियतको व्यवस्था गर्ने, वित्तीय स्रोत र साधनमा पहुँच बढाउने, युवा उद्यम सञ्जाल निर्माण गर्ने र युवा अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गर्ने छ ।

राष्ट्रिय रोजगार नीति, २०७१ ले व्यवसाय विकास सेवा तथा सञ्चारमार्फत युवाको वित्तीय सेवामा पहुँच र चेतना अभिवृद्धि गर्न निजी लगानी कोष, भेन्चर क्यापिटल फन्ड उपलब्ध गराउने रणनीति अपनाएको छ । नेपालका युवा उद्यमशीलताको महत्वलाई सरकारका विद्यमान योजना तथा कार्यक्रममा जोड दिए पनि बजेटमा व्यवस्था नहुँदा कार्यान्वयनमा आउन सकेका छैनन् । नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममार्फत नवप्रवर्तनमा आधारित स्टार्टअपको स्थापना र सञ्चालन, युवा उद्यमीलाई स्वदेशमै व्यवसाय सञ्चालन गर्ने, उद्यमशीलता विकास, बौद्धिक सम्पदा अधिकारको संरक्षण, नवप्रवर्तन, सृजनशीलताको विकास गर्ने प्रतिबद्धता, प्रविधि, वित्तीय स्रोत र उपकरणहरूमा पहुँच बढाउने र परम्परागत सिप र ज्ञानको आधुनिक कार्यक्रम घोषणा गरेको भए पनि त्यो कार्यान्वयनमा आउन सकेको छैन । यी नीति र कार्यक्रमले स्टार्टअपहरूको अपार सम्भावना पहिचान गरेको छ । सरकारले युवामा उद्यमशीलता प्रवर्धन गर्न मौजुदा कार्यक्रमलाई प्राथमिकतामा राखेको भए पनि बजेट कार्यक्रम आउन सकेनन् ।

अन्त्यमा नेपाल राज्यको स्थापना भएको सयौँ वर्ष बितिसक्दा पनि व्यावसायिक रूपमा उद्यमशीलताको विकास र विस्तार हुन नसक्नु विडम्बनाको कुरा हो । यसो हुनुमा कसको बढी हात छ भन्ने तथ्य र सत्य खोज्नु आजको आवश्यकता हो । देशमा बेरोजगारीको भयावह अवस्था सिर्जना भएको नदेख्ने सम्बन्धित नियकायले यसको जिम्मा किन नलिने भन्ने बहस अब चल्नु पर्छ । उद्यमशीलता विकासमा देखिएका बाधा अवरोध हटाउन जरुरी छ । बिदेसिएका लाखौँलाख युवा जनशक्तिले यसको पुष्टि गरिसकेको छ । देशमै उद्यमशीलताको विकास र विस्तार गरी बिदेसिएका युवा स्वदेशमा फर्काउने वातावरण नबनाउने हो भने हाम्रो पहाडी बस्ती खाली हुने र नेपाल बुढाबुढी र बालबालिकाको आश्रय स्थलमा परिणत हुन धेरै लाग्ने छैन ।

सरकारले उद्यमशीलता विकास गर्ने भने पनि त्यो कथनीमा सीमित भएको छ । देशमा रहेका सबै युवाशक्तिलाई व्यावसायिक सिप र सिकाइसहित उद्यमशील बनाउनेतर्फ सरकारले नीतिसहितको विशेष कार्यक्रम लागु गर्नु अनिवार्य भइसक्यो । देशको युवा जनशक्ति विदेश पलायन हुँदा त्यसको प्रभाव विभिन्न क्षेत्रमा देखा परिसकेको छ । उद्यमीले उत्पादन गरेको वस्तु राज्यले किन्ने व्यवस्था गर्नु अनिवार्य छ । उत्पादित वस्तुले बजार नपाउँदा उद्यमी उद्योग बन्द गरी विदेश पलायन भइरहेका छन् । यसको जिम्मेवारी तीन तहका सरकारले नै लिएर समाधानको उपुयक्त बाटो खोज्नु पर्छ ।

# दबाब र प्रभावमुक्त बजेट

• डा. चन्द्रमणि अधिकारी

अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षमा राजस्वको अनुमान, सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम, विनियोजन ऐनबमोजिम व्यय हुने रकम, अघिल्लो वर्षको खर्च र त्यसले लिएको लक्ष्यको उपलब्धिसमेतको विवरणसहितको राजस्व र व्ययको अनुमान चालु वर्षको जेठ १५ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुपर्ने व्यवस्था संविधानले गरेको छ ।

यतिबेला सङ्घीय सरकारका मन्त्रालयहरू आगामी वर्षको बजेटलाई अन्तिम रूप दिन व्यस्त छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ र सम्बन्धित नियमावलीका अनुसार नेपालको बजेट तर्जुमाको चक्र स्रोत समितिको सिफारिसमा राष्ट्रिय योजना आयोगले चालु आवको माघ १५ गतेभित्र आगामी तीन वर्षका लागि उपलब्ध हुने स्रोत र गर्न सकिने खर्चको सीमा तथा आवधिक योजनाद्वारा प्रक्षेपित लगानीका आधारमा तीन तहका सरकारको कुल राष्ट्रिय स्रोतको अनुमान गरेसँगै सुरु हुन्छ । यस्तो अनुमान गर्दा समष्टिगत आर्थिक परिसूचक, राजस्व, सहायता तथा ऋणसमेतको वस्तुनिष्ठ ढङ्गले विश्लेषण गर्नु पर्छ । खर्चको सीमा निर्धारण गर्दा सम्भावित आर्थिक दायित्व, राजस्व छुटसम्बन्धी प्रतिबद्धता र भुक्तानी दिन बाँकी दायित्वसमेतको ख्याल गर्नु पर्छ । सम्भाव्य स्रोत र खर्चको सीमा निर्धारणले मध्यकालीन खर्च संरचना र यसको एकीकृत खाका तयार गर्ने आधार प्रदान गर्छ । सम्भाव्य स्रोत र खर्चको सीमा निर्धारण भइसकेपछि राष्ट्रिय योजना आयोगले चालु आवको माघ मसान्तभित्र आगामी तीन वर्षका लागि बजेट तर्जुमा गर्न मध्यकालीन खर्चको खाका र बजेट सीमासहितको बजेट तर्जुमा निर्देशन तथा ढाँचा सम्बन्धित मन्त्रालय र आयोगसमेतका केन्द्रीय निकायलाई पठाउनु पर्छ ।

केन्द्रीय निकायहरूले आयोगबाट बजेट सीमासहितको मार्गनिर्देशन प्राप्त गरेको सात दिनभित्र अन्तर्गतका कार्यालयलाई निश्चित अवधि तोकी बजेट तथा कार्यक्रम र मध्यकालीन खर्च संरचना प्रस्ताव गर्न मार्गदर्शन तथा ढाँचासहित निर्देशन गर्नु पर्छ । सम्बन्धित कार्यालयले तोकिएको अवधिमा आयोजनाको लक्ष्य र कुल लागतसमेत देखिने गरी कार्यक्रम कार्यान्वयन तालिकासमेतको बजेट, कार्यक्रम र मध्यकालीन खर्च संरचना प्रस्ताव गरी तालुक मन्त्रालयमा पठाउनु पर्छ ।

मन्त्रालयसमेतका केन्द्रीय निकायले मातहत कार्यालयबाट प्राप्त प्रस्तावसमेत एकीकृत गरी आवधिक योजनाको आधारमा आगामी तीन वर्षको खर्च प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र योजना आयोग तथा अर्थ मन्त्रालयमा पठाउनु पर्छ । यसका आधारमा आयोगले आर्थिक अनुशासन, बजेट कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कुरालाई समेत ध्यानमा राखी आगामी तीन वर्षका लागि समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रम एवं नतिजाको खाकासमेतको मध्यकालीन खर्चको एकीकृत ढाँचा तयार गर्नु पर्छ ।

बजेटलाई बढी परिपक्व र राजनीतिक दृष्टिले पनि बढी स्वीकार्य बनाउन विनियोजन विधेयक संसद्मा प्रस्तुत हुनुभन्दा तीन महिनाअगाडि नै अर्थमन्त्रीले विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्नुपर्ने र त्यसमा छलफल गरी आवश्यक थपघट गर्नुपर्ने भए सुझावसहित संसद्ले अर्थ मन्त्रालयमा लेखी पठाउनुपर्ने व्यवस्था छ । यसरी तयार भएको संरचना र ढाँचामा प्रस्तावित कार्यक्रमका आधारमा अर्थमन्त्रीले राजस्व र व्ययको अनुमान तयार गरी संसद्मा पेस गर्ने र संसद्मा छलफल भई असार मसान्तभित्र पारित गर्ने अभ्यास छ ।

यसरी बजेट तर्जुमा प्रक्रिया सुरु भएको बढीमा चार महिनाभित्र संसद्मा अनुमान पेस भइसक्नु पर्छ । संसद्मा पेस भएको डेढ महिनाभित्र पारित हुँदा जम्माजम्मी छ महिनाको अवधि पनि प्राप्त नहुने अवस्था छ । यो अवधि अर्थतन्त्रको विश्लेषण, तीन तहका सरकारको कुल राष्ट्रिय स्रोतको अनुमान, प्रादेशिक सन्तुलनको पुनरवलोकन, मानव बस्तीको जनसाङ्ख्यिक वितरण अवस्थाको मूल्याङ्कनसमेतका काम गर्ने दृष्टिले अत्यन्त छोटो हो । त्यसमा पनि बजेट सीमा निर्धारणमा नै ढिलाइ हुने गरेको छ ।

यस वर्ष माघ १५ गतेभित्र निर्धारण गरी सक्नुपर्ने बजेट सीमा फागुनको पहिलो हप्तामा निर्धारण भयो । तीन महिनाअगाडि नै सिद्धान्त तथा प्राथमिकता संसद्मा पेस भए पनि सत्ता गठबन्धनको फेरबदल र देखिएको विचलनले हुनुपर्ने जति छलफल हुन सकेन । यसरी बजेटमा पर्याप्त बहस, छलफल र अन्तर्क्रिया नहुँदा परिपक्व र कार्यान्वयनयोग्य बजेट निर्माणमा अवरोध पुग्नुका साथै बजेट तर्जुमाको निर्धारित तालिकासमेत प्रभावित भएको देखिन्छ । यसले बजेट निर्माण कार्यमा दबाब पर्ने र बजेट अनुमान तथा त्यसमा कार्यक्रम समावेशका काम हचुवाका भरमा हुने हुँदा यसको प्रभाव सिङ्गो बजेटको गुणस्तरीयतामा परेको छ । यसले वैज्ञानिक तथा विधिसम्मत ढङ्गले बजेट निर्माण गर्ने काम बिथोलिनुका साथै बजेटमा कार्यक्रम तथा आयोजना समावेश गर्ने र राजस्वका नीति निर्धारण गर्ने विषयमा प्रभावशाली व्यक्ति, समूह र दलको दबाब र प्रभाव बढ्छ । सक्नेले उपयोगी क्रमागत योजनामा कम बजेट विनियोजन गरी आफ्नो निर्वाचन क्षेत्रका तयारी नै नभएका आयोजनामा बजेट विनियोजन गर्ने क्रम बढ्छ, यसो भएका उदाहरण प्रशस्त छन् । यसले पुँजीगत खर्च र गुणस्तरमा न्यूनता आएको छ ।

अर्कोतर्फ अर्थतन्त्र स्वयम् दबाबमा छ । न्यून वृद्धि, न्यून लगानी, उद्योगहरू न्यून क्षमतामा चल्नु, कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दो छ । उद्योगको योगदान यथावत् रहनु, न्यून राजस्व परिचालन, मूल्यवृद्धिले आर्थिक वृद्धिलाई उछिन्ने क्रममा निरन्तरता, चालु खर्चको वृद्धिले राजस्व वृद्धिलाई उछिनेको छ । बजेटमा पुँजीगत विनियोजन र खर्चमा न्यूनता आउनु, सार्वजनिक ऋणको अंश बढेर जानु, युवा बाहिरिने क्रममा सुधार नहुनाले उत्पादन र निर्माण क्षेत्रमा श्रम शक्तिको अभाव हुनु, राजस्व बक्यौता तथा समग्र बेरुजु अङ्क बढेर जानुले अर्थतन्त्र दबाबमा रहेको पुष्टि गर्छ ।

चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेकोमा बजेट सीमा निर्धारण गर्दा सरकारले ४.७ प्रतिशतले मात्र आर्थिक वृद्धि हुने अनुमान गरेको छ । अन्तर्राष्ट्रिय वित्त संस्थाहरूले यो दर ३.१ देखि ३.३ प्रतिशतमा सीमित रहने अनुमान गरेका छन् । चैत मसान्तसम्ममा पनि बजेटले अनुमान गरेको आधा मात्र राजस्व सङ्कलन भएको छ । पुँजीगत खर्च विनियोजित रकमको एक तिहाइबाट माथि गएको छैन । वित्त घाटाको रकम कुल खर्चको १५ प्रतिशत पुगेको छ । यसले अर्थ मन्त्रालयलाई अहिलेको आवश्यकता सम्बोधन गरेर बजेट निर्माण गर्ने कार्यमा चुनौती थपेको छ । सङ्कलित राजस्वको ठुलो हिस्सा ऋणको साँवा ब्याज भुक्तानी, तलब भत्ता, सामाजिक सुरक्षा भत्ता, प्रदेश र स्थानीय तहलाई दिइने अनुदानमा जान्छ । त्यस्तै चालु खर्च, राष्ट्रिय गौरव तथा अन्य बहुवर्षीय ठेक्काका आयोजनाका लागि गर्नुपर्ने इएरमार्क वा बजेट सुनिश्चितता, प्रकोप र विपत् जस्ता घटनाका लागि रकम विनियोजन हुन्छ । कतिपय रकम पुराना दायित्व भुक्तानी आदिमा जाने हुँदा अर्थमन्त्रीले बजेटमा ठुला रकमका नयाँ आयोजना समावेश गर्ने गुन्जाइस न्यून छ, सरकारको स्रोत उपयोगको तजबिजी अधिकार सङ्कुचित भएको छ, यो अवस्था विश्वमै बढ्दै गएको छ । अमेरिकामा ५० वर्षअघि तजबिजी अंश ६२ प्रतिशत हुने गरेकोमा २६ मा झरेको छ ।

विश्व अर्थतन्त्र पनि अझै तरल छ, अनिश्चितता कायम छ, अर्थतन्त्रको दिशा र गति अनुमान लगाउन सक्ने अवस्था छैन । कोभिड-१९ ले पारेको प्रभावको घाउ निको नहुँदै सुरु भएको रुस-युक्रेन युद्ध, त्यसपछि मध्यपूर्वमा इजरायल, प्यालेस्टिनी र इरानबिचको सङ्घर्षको थालनी र शक्तिराष्ट्रहरूको ध्रुवीकरण एवं लालसागर तथा हर्मुज जलडमरुमा

❖ बाँकी तेस्रो पृष्ठमा

# मलेसियामा सैन्य हेलिकोप्टर दुर्घटना हुँदा १० को मृत्यु

एजेन्सी । मलेसियाको पेराक राज्यमा मङ्गलबार बिहान मलेसियाली सेनाको दुई वटा हेलिकोप्टर आकाशमा ठोक्किँदा १० जनाको मृत्यु भएको छ । फ्लाईपास्ट रिहर्सलका क्रममा हेलिकोप्टरहरू लुमुट रोयल



मलेसियन नेवी बेसमा ठोक्किएर दुर्घटनाग्रस्त भएको रोयल मलेसियन नेवीले विज्ञप्तिमा उल्लेख गरेको छ । दुर्घटनाग्रस्त एउटा हेलिकोप्टरमा सात अर्कोमा तीन जना सवार थिए । "सबैको घटनास्थलमै मृत्यु भएको र पहिचानका लागि शवलाई लुमुट आधार अस्पतालमा लगिएको छ", विज्ञप्तिमा भनिएको छ, "पीडितहरूको भिडियो र फोटोहरू नफैल्याउन आग्रह गरिएको छ ।"

# भूकम्पबारे चेतना जगाउन बृहत् फोटो प्रदर्शनी




झापा(प्रस) ।विक्रम संवत् २०७२ वैशाख १२ गतेको गोरखा भूकम्पको सम्झनामा वैशाख १२ मा बृहत् फोटो प्रदर्शनी आयोजना हुने भएको छ । भूकम्पबारे चेतना जगाउन प्रदर्शनी आयोजना गरिएको हो । खानी तथा भूगर्भविभागको आयोजनामा हुने प्रदर्शनीमा गोरखा भूकम्पलगायत डोटी, बझाङ, जाजरकोटमा भएका भूकम्पबाट भएको क्षति तथा मानव समाज र भूगोलमा आएको परिवर्तनका दृश्य समावेश छन् ।

विभागका अनुसार भूकम्पीय विपद् सामान्य हुँदै जाने क्रममा विगतका पीडा बिर्सँदै जाने मानवीय स्वभाव छ । फोटो प्रदर्शनीको माध्यमबाट सचेत रहन सन्देश दिने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो । विभागका महानिर्देशक रामप्रसाद घिमिरेले सर्वसाधारणलाई भूकम्पबाट सधैँ सतर्क रहन अभिप्रेरित गर्ने उद्देश्यले विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र र महिला पत्रकारहरूको संस्था 'संवाहिका समाज नेपाल'सँगको सहकार्यमा प्रदर्शनी आयोजना गरिएको बताए ।

गोरखा भूकम्पमा नौ हजारले ज्यान गुमाएका थिएभने २२ हजारभन्दा बढी घाइते भएका थिए । वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीका अनुसार उक्त भूकम्पको एक वर्षसम्म पाँचसयभन्दा बढी परकम्प महसुस गरिएको थियो ।

# झापा गाउँपालिकाले ६३० जना विद्यार्थीलाई दियो छात्रवृत्ति

झापा(प्रस)। झापा गाउँपालिकाले कक्षा ११ र १२ मा अध्ययनरत सामुदायिक विद्यालयका ६३० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ ।

गाउँपालिकाभित्र अध्ययनरत कक्षा ११ र १२ का ६३० जना विद्यार्थीलाई वार्षिक कार्यतालिका अनुसार शिक्षा समितिले छात्रवृत्ति वितरण गरेको हो ।

शिक्षा समिति अध्यक्ष एवं गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जु थपलियाका अनुसार गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी विपन्न वर्गका भएकाले रकम अभावका कारण कुनै पनि विद्यार्थीले उच्च शिक्षाबाट वञ्चित



हुन नपरोस् भनेर छात्रवृत्ति वितरण गर्ने गरिएको छ ।

कार्यवाहक अध्यक्ष थपलियाका अनुसार पालिकाले छात्रवृत्तिस्वरुप कक्षा ११ का विद्यार्थीलाई जनही ९ हजार २ सय ५० रुपैयाँ र कक्षा १२ का विद्यार्थीलाई जनही ११ हजार २ सय रुपैयाँका दरले र प्राविधिक शिक्षाका विद्यार्थीलाई जनही १२ हजार रुपैयाँका दरले रकम वितरण गरिएको छ ।

शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालका अनुसार ११ र १२ पठनपाठन हुने जनकल्याण माविमा अध्ययनरत ५६ विद्यार्थी ,डिल्लीराज माविमा अध्ययनरत ३५२ विद्यार्थी र जनता माविमा अध्ययनरत २२२ विद्यार्थीलाई पालिकाको नीति तथा कार्यक्रममार्फत छुट्याएको बजेटबाट छात्रवृत्ति प्रदान गरिएको हो ।

झापा गाउँपालिकाभित्र २१ वटा सामुदायिक , १४ वटा संस्थागत विद्यालय र १८ वटा मदरसा विद्यालय संचालनमा रहेको शिक्षा प्रमुख ढकालले जानकारी दिए ।

झापा गाउँपालिकाले विगत २०७५ सालदेखि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्दै आएको छ भने विद्यार्थीलाई विद्यालय जाने वातावरण बनाउने उद्देश्यले प्रत्येक वर्ष कक्षा ९ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई साइकलसमेत वितरण गर्दै आएको छ ।

# दुर्घटनामा पत्रकार यादवको मृत्यु

झापा(प्रस)।धनुषाको मिथिला नगरपालिका -६, ढल्केवरमा मोटरसाइकल दुर्घटनामा एक जना पत्रकारको मृत्यु भएको छ। धनुषाधाम नगरपालिका -५ का २८ वर्षीय विनयकुमार यादवको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनी रेडियो धनुषाधामका सञ्चालक तथा इ-न्युज ब्युरोका कार्यकारी



सम्पादक थिए । मङ्गलबार बिहान ४ बजे आफैले चलाएको प्रदेश ०२-००६ प ३०३५ नम्बरको मोटरसाइकल ढल्केवर-जनकपुर सडकखण्डमा अनियन्त्रित भएर सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको प्रहरीको भनाइ छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएका यादवको उपचारको क्रममा जनकपुर स्थि प्रादेशिक अस्पतालमा बिहान करिब ६ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाले बताए ।

मोटरसाइकलमा पछाडि सवार रहेका यादवका छिमेकी ३० वर्षीय लक्ष्मीनारायण यादव घाइते भएका छन् । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहको छ । मृतक यादवको शव प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## समाजका...

घटना स्मरण गर्ने गरेका छन् । जस्तो घटनालाई पनि गीत बनाउन सक्ने खुवी उनीमा छ । उनले नै लेखेको

'न आँशुलाई छेक्न सकें, न त कुनै सपना देख्न सकें
उजाड उजाड भयो जिन्दगी, न खुसीको कहानी लेख्न सकें'

लामाको शब्द रचनामा रहेको यो गीतमा सञ्जय सुब्बाले संगीत तथा स्वर दिएका छन् । जुन गीतले एकजना पीडित महिलाको घटनालाई प्रतिनिधित्व गर्दै पीडा बोलेको छ । उनले विभिन्न चेतनामुलक गीत समेत लेखेका छन् ।

'त्यगौं दुर्व्यसन, त्यगौं लागूऔषध गरौं सत्यकर्म,
अपराध हो यस्तो व्यापार, नगरौं अधर्म,
नबिराऔं बाटो जीवनमा............'

लागूऔषध नियन्त्रण तथा रोकथामको लागि उनले लेखेको सन्देशमुलक यो गीतले पनि निकै चर्चा बटुलेको थियो । जुन गीतमा सञ्जय तुम्रोक लिम्बूको स्वर, भोलाराज खनालको संगीत र दीपक विश्वकर्माको एेरेञ्ज रहेको छ ।

गीतकार लामाले महिला प्रहरी कर्मचारी संघको कार्यक्रमलाई समेटेर महिला प्रहरी गीत पनि लेखेको भन्दैं आफ्ना अधिकांश गीतमा नेपाल प्रहरीको संगीत शाखाको महत्वपूर्ण सहयोग रहेको सुनाउनसम्म भ्याए । 'बुद्धको शरण' भजन पनि उनको निकै लोकप्रिय छ । शान्तिका अग्रदूत भगवान गौतम बुद्ध जयन्तीका अवसरमा यो भजन सार्वजनिक भएको थियो ।

'जाउँ सबैले बुद्धको शरण, हुन्छ सबै दुःखको हरण
बुद्धको महिमा जगतैभरि छ, बुद्धभूमि यो स्वर्गसरी छ '

बोलको भजनमा उनै सञ्जय तुम्रोक लिम्बूको स्वर, भोलाराज खनालको संगीत छ । सबै धर्मलाई उत्तिकै आदर र सम्मान गर्नुपर्ने उनको धारणा छ ।

गीतकार लामा आधुनिक गीत र भजनमात्र होईन, प्रेमगीत लेख्न पनि उत्तिकै धारिलो छन् ।

'तिमी छौ र म छु, नभए मेरो के अर्थ,
चोखो लाग्छ सधै तिम्रो मायालु स्पर्श'

यो उनको प्रेमगीत हो । यो गीतले प्रेम र माया बोलेको छ । यसको म्यूजिक भिडियोमा समिप निरौला र शिला क्षेत्रीले अभिनय गरेका छन् । लामाको शब्द दीपकराज विश्वकर्माको संगीत र एरेञ्जर अनि सुरेश लामा र केशाङ लामाले गाएको उनको यो निकै लोकप्रिय गीत हो । गीतकार लामा जस्तोसुकै सामाजिक घटनालाई शब्दमा उतारेर मर्मस्पर्शी र भावुक बनाईदिने गीत लेख्छन् । उनले लेखेको राष्ट्रभक्तिले ओतप्रोत भएको

'शान हो हाम्रो देशको शीर सगरमाथा
हिमनदी र छहराले गाउँछ वीर गाथा'

बोलको गीत 'कान्तिपुर म्यूजिक अवार्ड २०७९ 'को 'टप' पाँचमा पर्न सफल भएको थियो । सञ्जय तुम्रोक लिम्बूको स्वर र भोलाराज खनालको संगीत रहेको यो राष्ट्रिय गीत लेख्दैं गर्दा गीतकार लामा त्यसवेला जिल्ला प्रहरी कार्यालय संखुवासभाको प्रमुख थिए ।संयुक्त राष्ट्रसंघको शान्ति मिशनको सिलसिलामा अफ्रिकी मुलुक सुडान, युगाण्डा, केन्याका साथै अन्य मुलुकहरु इटाली, स्विटजरल्याण्ड, इजिप्ट, अष्ट्रिया, जर्मनीलगायतका देश पुगेका उनको

'व्यस्त व्यस्त यो शहरमा तनावै तनाव छ कामको,
जति नै मरिमेटे पनि कमी छ सँधै दामको'

बोलको गीतले मानिसलाई कामले व्यस्त बनाएको र कामको तनाव सीमित आयस्रोत र बढ्दो महँगीले घर चलाउन सक्नु परेको चित्रण गरेको छ ।

साविक काभ्रेपलाञ्चोक जिल्लाको दोलालघाट गाविस ७, हाल भुम्लु गाउँपालिका १० मा २०३४ सालमा जन्मिनु भएका साहित्यकार लामाले २०५० सालमा गाउँकै भगवती माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका थिए । उनले ग्रामीण विकासमा एमए र कानूनमा एलएलबी गरेका छन् । उनी एक सफल गीतकार र कथाकार मात्रै नभई अव्वल प्रहरी अधिकृत पनि हुन् । उनले हतियार र कलमलाई सँगसँगै लगेका छन् । नेपाली प्रहरी संगठनमा उनले आफूलाई लगनशील, इमान्दार र स्वच्छ छबिका रुपमा उभ्याएका छन् । प्रहरीको काम कर्तव्यलाई सर्वोपरी ठान्ने डिएसपी लामाले समाजमा 'प्रहरीहरु अन्य मानिसभन्दा कडा मिजास र माया दया नहुने मान्छे हुन्' भन्ने आम सर्वसाधारणको बुझाईलाई झुटो बताउँछन् ।

आफ्नो कर्तव्यमा खटिएका बेला आफूलाई यो देशको सच्चा प्रहरी र कुनै सिर्जना लेख्न बस्दा विशुद्ध लेखकका रुपमा लिन्छन् गीतकार लामा । उनी जे काम पनि मन लगाएर गर्छन् । उनलाई नजिकबाट चिन्नेहरु भन्छन् 'बन्दुक र संगीत परस्पर विरोधी शब्द जस्ता लाग्छन् तर, डिएसपी लामा राष्ट्रको सुरक्षासंगै लामो समयदेखि साँगीतिक र साहित्यका क्षेत्रमा पनि सक्रिय छन्। वाल्यकालदेखि नै लेख्ने बानी ,कडा मेहनत , कामप्रतिको जिम्मेवारीका कारण उनले अहिले सफलताको शिखर चुम्दैछन् । सानै उमेरबाट विद्यालय पढ्दादेखि नै उनले विद्यालयमा हरेक साता हुने अतिरिक्त क्रियाकलापअन्तर्गत साहित्य गोष्ठीमा कथा , कविता, निबन्ध लेख्ने गर्थे । उनका थुप्रै गीत म्युजिक भिडियो युट्युबमा हेर्न पाइन्छ । तर, म्यूजिक भिडियो बनाउँदा खर्चिलो हुने र धान्न गाह्रो पर्ने उनको अनुभव छ । रौनक फेरिएको जात्रा, मूल्यहीन सिक्का बन्द नभएको आरन उनका निकै चर्चित कथाहरु हुन् । 'साहित्य समाजको दर्पण हो, दृश्य हो समाजमा हुने घटना नै साहित्य लेखनका सामग्री हुन्' उनले भने, 'म यसबाट आर्थिक संकलन गर्नेभन्दा पनि सौखका लागि साहित्य सिर्जना गर्ने गर्दछु ।' पछिल्लो समय डिएसपी लामा राम्रो गीतकार र साहित्यकारको रुपमा आफूलाई पाठकसामु उभ्याउन सफल भएका छन् ।

## दबाब...

मालवाहक जहाज आवागमनमा हुतिहरूले पुऱ्याएको अवरोधले अनिश्चितता थपिएको छ । तेल र सुनको भाउ उकालो लागेको छ । सेयर बजार खस्केको छ, आपूर्ति व्यवस्था र उत्पादनशील क्षेत्रको लगानी प्रभावित हुने सम्भावना बढेर गएको छ । त्यसैले अन्तर्राष्ट्रिय मुद्रा कोषले केन्द्रीय बैङ्कहरूलाई ब्याजदर घटाउन हतार नगर्न सन्देश दिएको छ ।

यस अवस्थामा अर्थतन्त्रलाई दबाबमुक्त र बजेटलाई नकारात्मक पक्षबाट प्रभावमुक्त बनाउन सरकारका विभिन्न अङ्ग र निकायले एकीकृत रूपमा काम गर्नुपर्ने देखिन्छ । आउँदो वर्षको बजेट निर्माण कार्यलाई सुधारको प्रथम बिन्दु बनाई राजस्व अनुमानलाई बढी वैज्ञानिक र यथार्थपरक बनाउन सक्नु पर्छ । पुँजीगततर्फको विनियोजन आयोजनाको आवश्यकता, त्यसको लागत, लाभ, प्रतिफल र नतिजा तथा सम्बन्धित निकायको खर्च गर्न सक्ने प्राविधिक तथा व्यवस्थापकीय क्षमताको आधारमा छुट्याउने गरी विनियोजनमा कुशलता देखाई बजेटमाथिको दबाब र प्रभावलाई अन्त्य गर्नु पर्छ साथै परियोजना बैङ्कमा प्रविष्ट पूर्ण तयारीका आयोजनालाई मात्र प्राथमिकताका आधारमा मध्यकालीन खर्च संरचनमा समावेश गर्ने र खर्च संरचनाका आधारमा बजेट निर्माण गर्ने कार्य कडाइका साथ पालना गर्नु पर्छ ।

सम्भाव्य स्रोतको अनुमान र बजेट सीमा निर्धारण गर्ने कार्यका लागि संयुक्त अधिराज्यमा जस्तै बजेट उत्तरदायित्वसम्बन्धी अर्धस्वायत्त निकायको व्यवस्था गर्न सके स्रोत सीमा निर्धारणसमेतका कार्यमा यथार्थता र कुशलता देखिन सक्छ । नीति र कानुनमा सुधार गरी आउँदा वर्षमा बजेट निर्माण कार्यका लागि पर्याप्त समय प्राप्त हुने व्यवस्था गर्नु आवश्यक छ ।

परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना पद्धतिको पूर्ण कार्यान्वयन गर्ने हो भने अहिलेकै व्यवस्था र समय अवधि अन्तर्गत पनि बजेट निर्माण कार्य बढी नतिजामुखी बन्न सक्छ । यसलाई थप प्रतिफलमुखी बनाउन अमेरिकाको बजेट निर्माणको दुई वर्षे (२२ महिना) चक्र प्रणालीको अनुभवको उपयोग गरी बजेट प्रणालीलाई बढी उपयोगी बनाउन सकिन्छ । यसो हुँदा अर्थतन्त्रलाई दबाबबाट र बजेटलाई दूषित प्रभावबाट मुक्त गर्न सकिन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
कॉंकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**वृष** कूटनीतिक नियोगको सहयोग मिल्ला । पारिवारिक सद्भाव पनि बढ्नेछ ।

**मिथुन** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**कर्कट** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**सिंह** आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।

**कन्या** अरूलाई प्रभावित पारेर काम बन्नेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ ।

**तुला** बन्न लागेको काम बिग्रनसक्छ । प्रेममा बाधाका साथै मन कमजोर रहला ।

**वृश्चिक** सामाजिक संस्थाबाट सहयोग र पदोन्नतिको सम्भावना प्रबल रहेको छ ।

**धनु** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ ।व्यापार, व्यवसायमा चैं लाभ नमिल्ला ।

**मकर** नयाँ कार्यको प्रारम्भ हुने र पुनर्मिलनको योग पनि रहेको छ ।

**कुम्भ** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । सामान हराउने भय पनि छ ।

**मिन** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।